लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या- ०८०/८१
च.नं.:-५४.. (बैठक शाखा)

मिति: २०८१/०१/१३

विषय:- मन्त्रिपरिषद्को निर्णय सम्बन्धमा ।

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय,
श्री उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय,
श्री कृषि तथा भूमि व्यवस्था मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय,
श्री वन तथा वातावरण मन्त्रालय,
श्री शहरी विकास तथा खानेपानी मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री स्वास्थ्य मन्त्रालय,
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

दर्ता नं. ८८०४
२०८१/१/१३

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।०१।०६ र २०८१/०१/१२ मा बसेको बैठकमा भएका प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची १ र २ मा हेरफेर भएको निर्णय यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ।

१/१३

(सुमन घिमिरे)
नि. प्रमुख सचिव




Email: baithak.ocmcmp5@gmail.com Facebook Page: www.facebook.com/OCMCM.P5,

लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या- ०८०/८१

च.नं.:-४२.. (बैठक शाखा)

(ग) साविक वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालयको खानेपानी क्षेत्र हेर्ने महाशाखा सम्बन्धित चल अचल, जिन्सी तथा अन्य सम्पति योजना तथा आयोजना, कार्यक्रम, प्रशासन अभिलेख लगायतका सबै सम्बन्धित कागजात पत्रहरु तथा मातहतका सम्बन्धित कार्यालय समेत शहरी विकास तथा खानेपानी मन्त्रालय वा अन्तर्गतमा हस्तान्तरण गर्ने ।

(घ) साविक वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालयले पर्यटन क्षेत्र हेर्ने महाशाखा सम्बन्धित चल अचल, जिन्सी तथा अन्य सम्पत्ति योजना तथा आयोजना, कार्यक्रम, प्रशासन अभिलेख लगायतका सबै सम्बन्धित कागजात पत्रहरु तथा मातहतका सम्बन्धित कार्यालय समेत उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय वा अन्तर्गतमा हस्तान्तरण गर्ने ।

(ङ) साविक उद्योग तथा यातायात व्यवस्था मन्त्रालयले यातायात क्षेत्र हेर्ने महाशाखासँग सम्बन्धित चल अचल, जिन्सी तथा अन्य सम्पत्ति योजना तथा आयोजना, कार्यक्रम, प्रशासन अभिलेख लगायतका सबै सम्बन्धित कागजात पत्रहरु तथा मातहतका सम्बन्धित कार्यालय समेत भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय वा अन्तर्गतमा हस्तान्तरण गर्ने ।

(च) भौतिक पूर्वाधार विकास मन्त्रालयले उर्जा, जलस्रोत र सिंचाइ क्षेत्र हेर्ने महाशाखासँग सम्बन्धित चल अचल, जिन्सी तथा अन्य सम्पत्ति योजना तथा आयोजना, कार्यक्रम, प्रशासन अभिलेख लगायतका सबै सम्बन्धित कागजात पत्रहरु तथा मातहतका सम्बन्धित कार्यालय समेत उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय वा अन्तर्गतमा हस्तान्तरण गर्ने ।

(छ) साविक गृह मन्त्रालयले सहकारी हेर्ने महाशाखासँग सम्बन्धित चल अचल, जिन्सी तथा अन्य सम्पत्ति योजना तथा आयोजना, कार्यक्रम, प्रशासन अभिलेख लगायतका सबै सम्बन्धित कागजात पत्रहरु तथा मातहतका सम्बन्धित कार्यालय समेत उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय वा अन्तर्गतमा हस्तान्तरण गर्ने ।

(ज) भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयका प्रशासन तथा लेखाका सम्बन्धित कर्मचारीलाइं उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको थप जिम्मेवारी समेत तोक्ने।

२. सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित छिटो छरितो तथा मितव्ययी बनाउने गरी नयाँ संगठन संरचना बनाउने सन्दर्भमा प्रचलित कानून र व्यवस्था अनुसार संगठन संरचना र दरबन्दी सर्वेक्षणको अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन सहित स्वीकृतिको लागि सिफारिस गर्न देहायबमोजिम समिति गठन गर्नेः-

लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या- ०८०/८१

च.नं.:- ५१.. (बैठक शाखा)

क. संयोजक - सचिब, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बैठक तथा प्रशासन महाशाखा)

ख. सदस्य - सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय

ग. सदस्य - सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय

घ. सदस्य - प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय

ङ. सदस्य सचिव - उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रशासन शाखा)

३. पुनर्गठन भएका मन्त्रालयको बजेट, कार्यक्रम लगायतका भुक्तानी र खर्च सम्बन्धी आवश्यक व्यवस्थाका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयसँग समन्वय गर्ने । साथै नयाँ गठन भएका मन्त्रालयको लागि आवश्यक सञ्चालन खर्च आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराउने ।"

मिति २०८१/०१/१२

१।१२

(सुमन घिमिरे)

नि. प्रमुख सचिव

